# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (१०), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, असोज २ गते २०८३ साल, सङ्ख्या ६**

## भाग-१

**सूर्योदय नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको सङ्घ संस्था (पहिलो संशोधन) ऐन, २०८३

सभामा पेस गर्न का.पा बाट स्वीकृत मिति २०८३-०३-१०

सभामा पेस भएको मिति २०८३-०३-२६

सभाबाट स्वीकृत भएको मिति २०८३-०६-०१

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सङ्घ संस्था ऐन, २०८० मा भएका केही व्यवस्थाहरू समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **"सूर्योदय नगरपालिकाको सङ्घ संस्था (पहिलो संशोधन) ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भएपश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

**(क) "मूल ऐन"** भन्नाले सूर्योदय नगरपालिकाको संघ संस्था ऐन, २०८० लाई सम्झनु पर्दछ।

३. **दफा १५ मा संशोधन:** मूल ऐनको **दफा १५** को उपदफा (३) पछि देहायबमोजिम थप गरिएको छः

*"तर, सूर्योदय नगरपालिकामा दर्ता भई दफा १५ (१) (ङ) बमोजिम खारेजीमा परेका संस्थाहरुलाई नगरपालिकाले एक पटकका लागि सूचना प्रकाशन गरी सूचना प्रकाशन भएको मितिले बढीमा ६ महिना भित्र नवीकरण गर्दा लाग्ने वार्षिक शुल्कमा थप ३०% जरिबाना लिई लिई नवीकरण गराउन सक्नेछ। यसरी नवीकरण गर्दा बक्यौता समेत असुली गरिनेछ।"*

आज्ञाले

विज्ञान कोइराला

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत